Original Document:
https://drive.google.com/file/d/0B5rqOm8iX8IoMmZ3VFgxR0Jma0RfU3dxcTZEMHkwdmtnaFNF/view?usp=sharing

# MHPSS को प्रतिकृया (नेपाल भूकम्पको बिषयमा गरिएको कन्फ्रेन्स कल)

बैसाख २२, २०७२ (मै ४, २०१५)

## क. छोटकरी

| छोटकरी | अंग्रेजी | नेपाली |
|---|---|---|
| ACF | Action Contre La Faim | अक्ष्यों कन्ट्र ला फां<br>(भोक विरुद्ध कदम) |
| CBR | Community Based Rehabilitation | कम्युनिटि बेस्ड रीहयाबिलीटेसन<br>(समुदायमा आधारित पुनर्वास) |
| CFS | Child Friendly Spaces | चाइल्ड फ्रेन्डली स्पेसेज<br>(बाल मैत्री स्थल) |
| CoS | Church of Sweden | चर्च अफ स्वीडेन |
| CVICT | Center for Victims of Torture Nepal | सेन्टर फोर भीक्तिम्स् अफ टर्चर नेपाल<br>(यातना-पीडित केन्द्र नेपाल) |
| DCA | Dan Church Aid | डान चर्च ऐड |
| ECCD | Early Childhood Care and Development | अर्लि चाइल्डहूद क्येर एंड देवेलोप्मेंट<br>(प्रारम्भिक बाल्यकाल हेरचाह तथा विकास) |
| FCA | Finn Church Aid | फिन चर्च ऐड |
| FELM | Finnish Evangelical Lutheran Mission | फिनिस इभान्जेलिकल लुथेरन मिसन |
| GBV | Gender Based Violence | लिंगमा आधारित हिँसा |
| IASC | Inter-Agency Standing Committee | इन्टर-एजेन्सी स्टेंडिंग कमिटि |
| IASC RG MHPSS | Inter-Agency Standing Committee Reference Group on Mental Health and psychosocial Support | इन्टर-एजेन्सी स्टेंडिंग कमिटि रेफरेन्स ग्रुप अन मेन्टल हेल्थ एण्ड साईकोसोसियल सपोर्ट (मानसिक स्वास्थ्य तथा मनोसामाजिक समर्थन को लागि इन्टर-एजेन्सी स्टेंडिंग कमिटि सन्दर्भ समूह) |
| IEC | Information, Education, and Communication | जानकारी, शिक्षा र संचार |
| IRFC | International Federation of Red Cross and Red Crescent Societies | रेड क्रस र रेड क्रिसेन्ट समाजहरुको अन्तरास्ट्रिय महासंघ |
| IMC | International Medical Corps | इन्टरनेसनल मेडिकल कोर |

| | | |
|---|---|---|
| IYCF | Infant and Young Children Feeding | शिशु तथा बालबालिकालाई ख्वाउनु |
| JHU | Johns Hopkins University | जन्स हप्किन्स विश्वविद्यालय |
| LWF | Lutheran World Federation | लुथेरन वर्ल्ड फेडेरेसन |
| mh-Gap IG | Mental Health Gap Intervention Guide | मानसिक स्वास्थ्य तथा अन्तर हस्तक्षेप मार्गदर्शक |
| MHPSS | Mental Health and Psychosocial Support | मानसिक स्वास्थ्य तथा मनोसामाजिक समर्थन |
| PFA | Psychological First Aid | मनोवैज्ञानिक प्राथमिक उपचार |
| PHC | Primary Health Care | प्राथमिक स्वास्थ्य सेवा |
| PLW | Pregnant or Lactating Women | गर्भवती तथा सुत्केरी  महिला |
| PS | Psychosocial | मनोसामाजिक |
| PSS | Psychosocial Support | मनोसामाजिक सहयोग |
| ToT | Training of Trainers | प्रशिक्षकको तालिम |
| TRT | Teaching Recovery Techniques | टिचिंग रिकभरी टेक्निक्स (पुनर्स्थापना तरिकाहरुको शिक्षा) |
| UNICEF | United Nations Children's Fund | युनिसेफ |
| 4 Ws | Who is doing What, Where and When | कसले के गर्दैछ, कता, र कैले |
| WASH | Water, Sanitation and Hygiene | पानी, स्वच्छता र सरसफाई |
| WHO | World Health Organisation | विश्व स्वास्थ्य संगठन |

## ख. सहभागी हुने संस्थाहरु र सम्पर्क जानकारी

| संस्था | सम्पर्क व्यक्ति | ई-मेल |
|---|---|---|
| एसिटि अलायान्स/चर्च अफ स्विडेन (ACT Alliance/ Church of Sweden) | मारिना कालिस्कि (Marina Kalisky) | marina.kalisky@svenskakyrkan.se |
| अक्ष्यों कन्ट्र ला फां (Action contre la Faim) | प्रथम राघवन (Prathama Raghavan) र फ्रांचेस्का कोर्ना (Francesca Corna) | mhcphod@np.missions-acf.org fcorna@actioncontrelafaim.org |

| | | |
|---|---|---|
| आधारभूत आवश्यकता<br>(Basic Needs) | क्रीस अन्डरहिल (Chris Underhill) | chris.underhill@basicneeds.org |
| सिबिएम<br>(CBM) | हेदर पियरसन् (Heather Pearson) | hdmpearson@gmail.com |
| ड्युक विश्वविद्यालय<br>(Duke University) | ब्रान्डन कोर्ट<br>(Brandon Kohrt) | brandonkohrt@gmail.com |
| हेल्थनेट/टिपीओ नेपाल<br>(HealthNet/TPO Nepal) | मार्क जोर्डन्स<br>(Mark Jordans)<br>सुरज कोइराला<br>(Suraj Koirala) | mark.jordans@hntpo.org<br>skoirala@tponepal.org.np |
| आईएफआरसी रेफ केन्द्र<br>(IFRC Ref Center) | लुवीस भिन्थर-लार्सेन<br>(Louise Vinther-Larsen) | lovin@rodekors.dk |
| इन्टरनेसनल मेडिकल कोर<br>(IMC) | क्ल्यर व्हिटनी<br>(Claire Whitey)<br>ईन्का वायिसबेकर<br>(Inka Weissbecker) | cwhitney@internationalmedicalcorps.org<br>iweissbecker@internationalmedicalcorps.org |
| MHPSS.net | आनन्द गल्लापति<br>(Anada Gallapatti)<br>मार्चिओ गग्लियातो<br>(Marcio Gagliato)<br>माइक कीलाला<br>(Mike Quilala) | ananda@goodpracticegroup.org marcio@mhpss.net<br>mike@mhpss.net |
| नेपाल रेड क्रस<br>(Nepal Red Cross) | सुशील राज रेग्मी<br>(Sushil Raj Regmi) | sushil.regmi@nrcs.org |
| प्लान इन्टरनेसनल<br>(Plan International) | लोटे च्लासैंस<br>(Lotte Claessens) | Lotte.Claessens@plansverige.org |
| सेभ द चिल्ड्रेन<br>(Save the Children) | डोमिनिक पियरे प्लाटु, बैंकक<br>Dominique Pierre Plateau, Bangkok)<br>एप्पल च्यरमन्टरी<br>(Apple Chairmontree)<br>+<br>बिमल रावल<br>(Bimal Rawal (Nepal)) | dominique.plateau@rb.se<br><br>apple.chaimontree@savethechildren.org<br>bimal.rawal@rb.se |
| डब्लु एच ओ | मार्क भ्यान ओमरेन | vanommerenm@who.int |

| | | |
|---|---|---|
| (WHO) | (Mark Van Ommeren)<br>फामी हयाना<br>(Fahmy Hanna)<br>एकै लाइनमा, र<br>नज्नीन अन्वर<br>(Nazneen Anwar) | hannaf@who.int<br>anwarna@who.int |
| IASC RG MHPSS | मर्गारीट ब्लाउ<br>(Margriet Blaauw) | mhpss.refgroup@gmail.com |
| **पछुतो** | | |
| केयर<br>(Care) | (बेबी शाह)<br>Bebi Shah | Bebi.Shah@care.org |
| Malteser Int. | मरी थेरेस बेनर (Marie Theres Benner) | marie.benner@malteser-international.org |
| जन्स हप्किन्स विश्वविद्यालय<br>(Johns Hopkins University) | वित्स टोल<br>(Wietse Tol) | wtol1@jhu.edu |
| **कल गर्नु नसकेमा** | | |
| युनिसेफ (UNICEF) | साजी थोमस<br>(Saji Thomas) | sthomas@unicef.org |
| संकट मनोविज्ञान केन्द्र<br>(Center of Crisis Psychologgy) | ईभा ट्याम्बर<br>(Eva Tamber) | tamber@online.no |

## ग. एजेन्डा

1. मानसिक स्वास्थ्य र मनोसामाजिक सहायताको समन्वय र साझेदारीका लागि पहिलेदेखिका अवस्थित पहलहरु छन्: के पहलहरु छन्? कसरी काम गर्छ? के आवश्यकताहरु छन्? अन्य संस्थाहरु यस पहलहरुमा कसरी समावेस हुन सक्छन? डेस्क रिभ्यु मा अद्यावधिक गर्नुहोला।
2. डेस्क रिभ्यु मा अद्यावधिक गर्नुहोला।
3. तत्काल MHPSS सम्बन्धित् आवश्यकता र चुनौतीहरु।
4. संगठनहरले गरिराखेको र योजना गरिराखेका कामहरुको बारेमा छोटो अद्यावधिक।

## घ. नोट

### १. MHPSS समन्वय र साझेदारीको लागि पहलहरु

धेरै समन्वय र नक्साकरण गर्ने पहलहरु जारि छन्।

- UNICEF को अध्यक्षतामा रहेको सुरक्षा क्लस्टर अन्तर्गतको मनोसामाजिक समर्थन उप-क्लस्टर
  - विपत्ति पछि समूहको दैनिक बैठक हुन्थ्यो, अहिले हप्तामा एक पटक
  - अर्को बैठक UNICEF नजिकै अवस्थित महिला तथा बालबालिका विभाग  बैसाख २९ (मे १२), ९:३० बजे हुनेछ।
  - यस बैठकको आयोजनाको केन्द्रबिन्दु प्रकाश आचार्य हुन्। ईमेल: pracharya@unicef.org
- WHO को अध्यक्षतामा रहेको स्वास्थ्य क्लस्टर अन्तर्गतको मानसिक स्वास्थ्य क्लस्टर
  - UN को अफिसमा दैनिक ९:३० मा बैठक
  - स्वास्थ्य क्लस्टरको बैठक भन्दा ३० मिनेट अगाडी
  - यस बैठकको आयोजनाको केन्द्रबिन्दु WHO नेपालका फ्रयांक पाउलीन हुन्। ईमेल: paulinf@who.int
- जिल्ला तहमा समन्वय पहलहरु
- नक्साकरण: IMC र HealthNet/TPO नेपालले MHPSS को पहलहरु नक्साकरण गर्न थालेका छन्। यिनीहरुले 'कसले, के गर्दैछ, कता, र कैले' भन्ने जानकारीको लागि विभिन्न समन्वयकर्ताहरुबाट पाएको जानकारीहरु सम्मेलन गर्दैछन्।
- स्थानीय निकायहरुले राहत पहलहरु सम्बन्धि जानकारीहरु संकलन गर्न थालेका छन् र यहाँ प्रसारण गर्दैछन: http://drrportal.gov.np/home. यस वेबसायिट भर्खर थालिएको हो।

थाहा भएका समन्वय चुनौती तथा सुझावहरु

- MHPSS मा मानसिक रोग तथा मानसिक तनाब सम्बन्धित सामाजिक सहयोगका लागि भिन्दा-भिन्दै उप-क्लस्टरहरु भन्दा एकीकृत समन्वय प्लेटफार्म भएको भए राम्रो हुने थियो।
- स्थानीय कर्ताहरु संग समन्वय प्लेटफार्ममा सिमित पहुच छ।
  - समन्वय बैठक कुन बिषयमा, कहाँ र कहिले हुन्छन् भन्ने बारेमा कुनै कुनै संस्थाहरुलाई न्युन जानकारी रहेको हुन्छ।
  - बैठकमा अंग्रेजी माध्यम र पारीभाषिक शब्दहरुको प्रयोग हुन्छन्।

- स्थानीय MHPSS कर्ताहरुको सहभागितामा सहयोग पुराउन समन्वय प्रणालीबारे 1-2 पाना लामो सरल विवरण तयारपार्न सुझाव दिइन्छ। Basic Needs को साझेदारीमा LEADS संस्थाले पनि एसमा काम गर्दै छ।
- 'कसले, के गर्दैछ, कता, र कैले' का बारेमा तथ्याङ्क संकलन गर्न धैरै समय र जनशक्ति लाग्ने भएकाले गूगल docs प्रयोग गर्न प्रोत्साहन दिइन्छ। गूगल docs का मध्यमबाट सबै MHPSS कर्ताहरुले आ-आफ़्नो योजना र मध्यस्थताका बारेमा जिल्ला तह को  तथ्याङ्क भर्न सक्छन्।
- नेपाल सरकारको प्लेटफार्म अझै नया छ। उक्त प्लेटफार्ममा राष्ट्रिय तथा अन्तर-राष्ट्रिय तहमा भएको मानविय पहलका बारेमा जानकारी हुनु पर्छ।

## २. डेस्क रिभ्युको बारेमा थप जानकारी

हेटीमा गएको भुकम्पको सहयोगका लागि प्रयोग गरिएको मोडेल लिएर, एक डेस्क रिभ्यु खोलिएको छ। एस रेविएव डेस्कको उदेश्य - नेपालको तत्कालिन मानसिक स्वास्थ्य र त्यससंग सम्बन्धित सामाजिक अवस्थाको सारांश निकाल्ने हो, जसकारण नया तथ्यांक संकलन गरिरहनु नपर्ने र MHPSS का कामहरुले स्थानीय निकायको सामाजिक परिवेशमा सजिलै प्रभाव पार्न सक्छ। रिभ्यु डेस्कको कार्य भार ३ विश्व विद्यालय (जोहन्स होप्किंस, ड्यूक र किंग्स कलेज ) का स्वयंसेवकहरुले गरिरहेका छन्। एस टोलीले नियन्त्रित रुपमा उचित वेबसाइट तथा डाटाबेसको खोजि गर्ने र Reference Group का सदस्यहरुसंग थप जानकारी माग्ने काम गरिरहेको छ। अहिलेसम्म धैरै लेख र कागजपत्र (लगभग ४००) जम्मा भैसकेको छ र स्वयंसेवकहरु तिनलाई छनौट गर्दैछन्। छनौट गरेका कागजपत्रको सारांशको पहिलो मस्यौदा आउँदो सप्ताहको अन्तिम दिन सम्म र प्रारम्भिक मस्यौदा अर्को साताको अघिल्लोतिर तयार पारिन्छ।

## ३. तत्तकालिन MHPSS सम्बन्धित आवश्कता तथा चुनौतीहरु

कन्फरेन्स कलमा सहभागी संस्थाहरु तीव्र मूल्यांकन गर्ने प्रक्रियामा प्रयासरत छन्। निम्न आवश्यकता र चुनौतीहरु पहिल्याईएको छ:

- पराकम्पहरु अति नै डरलाग्दा हुन्छन (यस कन्फरेन्स कल भैराखेको बेलामा पनि एउटा पराकम्प आएको थियो)।
- धैरै जसो गतिबिधिहरु काठमाडौँमा सिमित छन्।
- दुर्गम ठाउहरुमा पुग्न चुनैतिपुर्ण छ। यी मध्ये कुनै ठाउँहरुमा पुग्न ३ दिनको पैदल यात्रा लाग्न सक्छ।
- कयौं दुर्गम ठाउँहरुमा प्राथमिक आवश्यकताहरु पनि पुगिराखेको छैन।
- कयौं स्वास्थ्य सुविधाहरुको बिनाश भएको भएको हुनाले मानिसहरुको MHPSS (मानसिक स्वास्थ्य तथा मनोसामाजिक समर्थन) लगायतका अन्य स्वास्थ्य सेवाहरु कमै मात्रामा पाईराखेका छन्।
- अस्पतालमा रहेका धैरै मानिसहरुले आफ्ना घर-परिवार गुमाएका छन् र यिनीहरुलाई MHPSS (मानसिक स्वास्थ्य तथा मनोसामाजिक समर्थन) को खाँचो छ।
- दुर्गम जिल्लाहरुमा चिकित्सा सामग्रीहरुको खाँचो छ।
- मानसिक समस्या भएका मानिसहरुलाई औषधिहरुको प्रबन्ध दबावमा छ। प्रभावित तीन प्रान्तहरुमा प्राथमिक आवश्यकता टोलीले यस मुल्यांकन गरेको छ तर अन्य प्रभावित क्षेत्रहरुमा पनि यस्तै समस्याहरु रहेको आशंका छ। विपत्ति अगाडी नै पनि औषधिहरुको उपलब्धताको समस्या रहीआएको जनाईएको छ।

- कयौं मानिसहरुको समूहहरु सहायताबाट टाढै छन्। तिनीहरु प्राथमिक सेवा अझैसम्म नपुगेका ठाउँहरुमा बसोबासित छन्। यस मध्येका केहि समूहरुलाई सहायता कहाँ र कसरी पाइन्छ भन्ने कुराको ज्ञान छैन। अधिकांस समुहहरु कुनै पनि संगठन या सामाजिक समर्थन प्रणालीहरुसंग सम्बन्धित छैनन्।
- केहि पनि सहायता नपाएको हुनाले मानिसहरु दु:खी हुँदै छन्।
- प्रभावित जनसंख्यालाई प्रदान गरिएको केहि जानकारीहरुले चिन्ता पैदा गरिराखेको खबर छ, उदाहरण: घर बस्नयोग्य छ की छैन भनेर स्पष्ट सिफारिस नदियिएको "*यो बस्नायग्य छ तर पराकम्प आएमा, तपाईं बाहिर दौडिन पर्छ।*"
- यौन हिंसा र चेलीबेटी बेचबिखनको अफवाह एवं डर छ।
- योगा, तपस्या र ज्युने तरिका लगायतका परम्परागत हेरचाह विधिहरुमा पर्याप्त मात्रामा जोड छैन। धेरै स्थानीय संगठनहरु यस बिषयमा कार्यरत छन्।
- मानवीय संसाधन
    - सम्पूर्ण आवश्यकताहरुसंग साँइने मानवीय संसाधनहरुको कमी छ।
    - स्वयंसेवक लगायतका कर्मचारीहरु पनि तनावग्रस्त छन। तिनीहरुको आफ्नै समस्याहरु छन् र परकम्पहरुसंग पनि संघर्षरत् छन्।

सुझावहरु/योजनाहरु

- संचार र सामाग्रीहरुको समन्वयको आवश्यकता छ।
- रेडियो बाट प्रसारित सूचनाको लगायात पोस्टर र जनमानसमा पुग्ने अन्य स्रोतहरुको आवश्यकता छ।
- MHPSS (मानसिक स्वास्थ्य तथा मनोसामाजिक समर्थन) को संलग्नता कता पर्याप्त उपयुक्त छ भन्ने बिषयमा सुझावको खाँचो छ।
- आफ्नो हेरविचार र कर्मचारी र स्वयंसेवकहरुलाई कर्मचारीक समर्थन
- दुर्गम ठाउँहरुमा पुग्ने मोबाईल क्लिनिकहरु
- कुनाकाप्चामा रहेका र सबैभन्दा जोखिममा रहेका समूहहरुमा बिशेष ध्यान
- प्राथमिक स्वास्थ्य सेवामा (PHC) मानसिक स्वास्थ्यको समायोजनको महत्त्व
- पारम्परिक हेरचाह विधिहरुमा जोड। योगा, तपस्या र ज्युने तरिका लगायतका परम्परागत हेरचाह विधिहरुमा कार्यरत संगठनहरुसंग साझेदारी।

## संस्थाहरु द्वारा UPDATE

**एसिटि अलायान्स/चर्च अफ स्विडेन**

एसिटि अलायान्सका यी सहभागी सन्थाहरु राहत कार्यमा सक्रिय छन्: लुथरन वर्ड फेदरेसन् (LWF), ड्यान् चर्च एड (DCA), नोर्वेजियन् चर्च एड (NCA), फिनिस् चर्च एड (FCA), र लुथरन वर्ड रिलिफ (LWR) स्थानिय निकाय तथा चर्च अफ स्विडेन्को पी एस् एस् को प्राविधिक साहयतामा कार्यरत छन् ।

- चर्च अफ स्विडेन्का एकजना मनोसामाजिक विशेषज्ञ एसिटि अलायान्सको तीव्र मुल्याङ्कन कार्यमा सक्रिय छन्। यस तीव्र मुल्याङ्कनको आधारमा अरु थप राहत कार्यका योजनाहरु र मनो-सामाजिक साहयताका गतिविधिहरु एसिटि अलायान्सको आपत्कलिन् प्रतिक्रिया र आधारभूत मनोसामाजिक सेवा अन्तर्गत सामिल गरिनेछ।
- लुथरन वर्ड फेदरेसन् (LWF) आठ जिल्ला (काठमाण्डू, ललितपूर, भक्तपुर, सिन्धुपाल्चोक, ढाडिङ, लम्जुङ, काभ्रे, र गोर्खा)का भुकम्प प्रभावित समुदायमा मनो-सामाजिक साहयता दिन र स्थानिय निकाय सबल बनाउन योजनारत छन्।

- फिनिस् चर्च एड (FCA) चर्च अफ स्विडेन र फिनिस इभान्जलिकल लुथरन मिसन का सङ्लग्नतामा बालबालिकाहरुका मानसिक र सामाजिक आवश्यताहरुलाई ध्यानमा राखी शिक्षक-तालिमका योजनाहरु बनाएका छन्। यी कार्यक्रम पनि माथि उल्लेखित आठ जिल्लामा गरिने छ।
- स्थानिय समूदायलाई आधार बनाएर मनो-सामाजिक साहयतालाई विभिन्न प्राथमिक सेवाहरु (खानेपानी, सरसफाई, खाद्यान्न, बास, शिक्षा) तर्फ लैजानका लागि एसिटि अलायान्सका यी सहभागी सन्थाहरु र स्थानिय सन्थाहरुलाई सघाउन चर्च अफ स्विडेन दुई मनोसामाजिक विशेषज्ञहरु तयारी गर्ने क्रममा छ। यी विशेषज्ञहरु ३ माहिनाको समयको लागि कार्यरत रहनेछन् । यी मनोसामाजिक विशेषज्ञहरुका काम एसिटि अलायान्सका सहभागी सन्थाहरुको क्षमता बढाउने, मनो-सामाजिक स्वास्थ सेवामा मदत पुर्याउने, MHPSS मा कार्यरत रहेकाहरुलाई सघाउने, र चहिएमा कर्माचारी आवश्यक्ता पूरा गर्ने हुनेछन् । कार्यरत स्टाफहरू PSS क्लस्टर र MHPSS संग समन्वय गरी काम गर्नेछन् ।

**अक्स्यों कन्ट्र ला फां (भोक विरुद्ध कदम)**

- MHPSSको संलग्नताको लागि मनो-सामाजिक र मानसिक स्वास्थ अवस्थाको तीव्र मूल्यांकन गर्ने र आवश्यक्ताहरु पत्ता लागाउने ।
- मानसिक प्राथमिक उपचार (PFA) का तालिम तथा प्रोत्साहन दिने ।
- पिडित वर्गलाई मानसिक साहयता दिने । व्यक्तिगत रुपमा मनो-सामाजिक अवस्थाको  मूल्यांकन गरी जोखिममा रहेका व्यक्तिहरू पहिचान गर्ने,  र मानसिक आघात र उच्च मानसिक तनावबाट पिडित व्यक्तिहरूका लागि मानसिक परामर्शको व्यवस्था गर्ने।
- बच्चाहरुको संरक्षन लागि उपयुक्त ठाउँ (संख्या आवस्यक्ता अनुसार ) तथा सुत्केरी र स्तनपान गराउने आमाहरुका लागि सुरक्षित ठाउँ बनाउने।
- दुइ वर्ष मुनिका बच्चाहरुलाई मानसिक सहायता तथा स्याहार साहयता विशेषगरि स्तनपान तथा शिशु एवं साना बच्चाको पोषण (IYCF)को बारेमा आवस्यक्ता अनुसार सल्लाह दिने। सामाजिक मनोविज्ञान र IYCF सहयोगलाई अझै दुर्गम ठाउंहरुमा पुर्यौनका लागि , एक अस्थायी प्रणाली को योजना बनाउन सकिन्छ। पोषण संबन्धित क्लस्टरको साझेदारीमा, सुरक्षित वैकल्पिक साधनहरु ती आमाहरूलाई दिईन्छ जस्ले भुकम्प अगाडी पनि स्तनपान गराउन सक्दैनथिए र जस संग स्तनपान नगराउन स्वास्थ्य सम्बन्धित स्वीकारिय कारण छ।

**बेसिक नीड्स (Basic Needs, आधारभूत आवश्यकताहरु )**

Basic Needs संस्था नेपालमा भुकम्प पूर्वनै कार्यरत थियो (पोखरा तथा नजिकका जिल्लाहरुमा)। त्यस संस्था LEADS Nepal र Carers Worldwide संस्थाहरुसंग साझेदारीमा काम गर्दै आएको छ। यो संस्था मानसिक स्वास्थ्य केन्द्रित NGO हो। एस संस्थाको अहिलेको योजना उपचार्रत व्यक्तिहरुलाई सहयोग पुर्याउने हो। एस संस्थाले अहिले भविष्यमा हामीले पुर्याइरहेको सामाजिक मानसिक सहयोगको परिह्राम मूल्यांकन गरिरहेको छ।

**विभव आचार्य**

विभव हालै मानसिक रोग चिकित्सामा युनिभर्सिटी ओफ कैलिफोर्निया सन फ्रान्सिस्को (University of California San Francisco) बाट प्रशिक्षणको अन्तिम चरणमा हुनुहुन्छ। उहाले Wietse Tol को सिफारिषमा एस कन्फ्रेन्स कलमा भाग लिनुभएको हो।  उहा Shared Minds र Possible health (www.possiblehealth.org) को सह-संस्थापक पनि हुनुहुन्छ । यी संस्थाहरुले नेपाली भाषामा मानसिक स्वास्थ्य सम्बन्धि तालिम कार्यक्रमहरु (भिडियो परामर्श तथा अवस्था अनुसार नाटक अभ्यास ) mGAP द्वारा

तयार तथा परिचालन गरिरहेको छ। यी सामग्रीलाई WHO Mark van Ommeren मा पठाईन्छ। एस माथि विभव नेपाल सरकारको पोर्टलमा कार्यरत व्यक्तिहरुसंग सम्पर्कमा हुनुहुन्छ।

**ब्रान्डन कोर्ट (ड्युक विश्वविद्यालय), मार्क जोर्डन्स ( हेल्थनेट TPO/किंग्स कलेज) र वित्स टोल (जन्स हप्किन्स विश्वविद्यालय)**

माथि उल्लेखित बिवरण हेर्नुहोस। विवरणको निस्कर्ष सम्बंदित समूह द्वारा निम्न लिखित लिंक द्वारा अदान प्रदान गरिने छ [mhpss.net](mhpss.net):
[http://mhpss.net/groups/current-mhpss-emergency-responses/nepal-2015-earthquake-response/](http://mhpss.net/groups/current-mhpss-emergency-responses/nepal-2015-earthquake-response/)

**केयर :**

बिगतमा केयरले कामदार , पार्टनर तथा stakeholderहरू लाई मानसिक स्वस्थ तथा मनोसामाजिक सहायतामा तालिम दियको छ। केयर नेपाल ले गोरखा, लम्जुंग तथा धादिंगमा सेवा उपलाप्ध गर्ने छ। उक्त समूहमा कयरका मनोसमजिक बिशेसज्ञहरु हुने छन्।

**सिबिएम**
सिबिएमको आकस्मिक सेवा टोलि ले नेपालमा आवश्यक्ता मूल्यांकन गरिराखेको छ। अनि त्यसपछि सिबिएमले नेपालमा आफ्नो प्रतिक्रिया तय गर्ने छ। सिबिएमको MHPSS प्रतिक्रिया निम्न बमोजिम हुनुसक्छ:

- समुदाय आधारित मानसिक प्राथमिक उपचार तालिम, सहयोग र पुनर्वास/ सिबिएमको आकस्मिक सेवा प्रदान गरिराखेको साझेदारहरुको सामाजिक परिचालन। यि साझेदारहरु काभ्रे, धदिङ्ग, सिन्धुपाल्चोक र भक्तपुरमा रहनेछन्।
- KOSHISH (एउटा राष्ट्रिय स्थरको मानसिक स्वास्थ्य सहयोग समूह) लाई भक्तपुरका पिडित व्यक्तिहरुलाई पहिचान गरेर सहयोग दिने, मानसिक प्राथमिक उपचारलाई सल्लाह दिने।
- र संरक्षण क्लस्टर संघ मानसिक स्वास्थ्य सम्बन्धि वकालत गर्ने।

**संकट मनोविज्ञान केन्द्र**
ले निम्न बमोजिम सेवाहरु बालबालिका तथा द्वन्द कोष मार्फत उपलब्ध गर्छ:

- त्रिभुवन विश्वविद्यालयका लगभग ३० चिकित्सक तथा मनोवैज्ञानिकहरुलाई प्रशिक्षकको तालिम पुनर्स्थापना तरिकाहरुको शिक्षामा आधारित रहेर आषाद ७ मा गरिने छ। संकट मनोविज्ञान केन्द्र त्रिभुवन विश्वविद्यालय संघ पहिले देखि सम्बन्धित छ।
- TRT (पुनर्स्थापना तरिकाहरुको शिक्षा) को नेपाली अनुवाद टिचिंग अस्पतालमा पठाईएको छ।

**हेल्थनेट/टिपीओ नेपाल**
हेल्थनेट/टिपीओ नेपाल को MHPSS प्रतिक्रिया समूह नेपालमा दैवी प्रकोप तत्परतामा योजनामा समावेस छ। हेल्थनेट/टिपीओले अहिले मनोवैज्ञानिक शिक्षा मार्फत सर्वसाधारणहरुको अनुभव सामान्यकरण गर्ने प्रयास गरेको छ। हेल्थनेट/टिपीओ उप-क्लस्टर समन्वय
र “कसले के गर्दैछ, कता, र कैले” को मानचित्रणमा संलग्न रहेको छ।

- फरक फरक समुदायहरुमा मूल्यांकन र मानचित्रणमा अभ्यास गरिने।
- आकस्मिक क्षेत्रहरुमा मानसिक सल्लाहकारहरुलाई पठाउने छ।

- मानसिक प्राथमिक उपचार दियिने।
- रेडियो कार्यक्रम द्वारा सामुदायिक जनचेतना गरिने।
- प्रशिक्षकको तालिमको योजना mhGAP मा गरिने छ।

**आईएफआरसी / नेपाल रेड क्रस**

नेपाल रेड क्रस फरक फरक जिल्लाहरुमा काम गरिरहेको छ।

- प्रशिक्षकको तालिम गरिने छ।
- समुदायहरुको लागि विस्तृत मूल्यांकन गरिने छ।
- मनोसामाजिक तालिम सामग्रीहरुलाई स्थानीय भाषामा अनुवाद गरिने छ।
- २० लक्षित समुदायहरुलाई मानसिक प्राथमिक उपचार तालिम दियिने छ।
- आकस्मिक तालिममा मनोसामाजिक सहयोग संगठित गरिने।
- समुदायमा आधारित मनोसामाजिक सहयोग कृयाकलापहरु संचालन गर्ने।
- बाल मैत्री क्षेत्र संचालन गर्ने।
- मनोसामाजिक सहयोगको लागि जानकारी, शिक्षा र संचार सामाग्रीहरु उत्पादन र पुनः उत्पादन गर्ने।
- कर्मचारी तथा स्वयंसेवकहरुको कृयाकलापहरु संचालन गर्ने।

**आई एम सी (IMC)**

प्रारम्भिक अनुगमन सम्भावित रुपमा गोरखा , धादिंग र काठमाडौँमा केन्द्रित रहनेछ। प्रारम्भिक आवश्यकता अनुगमन सकिएपछि, IMC ले यसलाइ सार्वजनिक गर्न राजि हुनेछ। IMC ले HealthNet/TPO नेपाल संग सामिप्यताका साथ् साझेदारी गर्दै कसले के गर्दैछ, कता, र कैले भनेर पत्ता लगाउन खोज्दैछ।

**MHPSS.net**

ले mhpss.net मा विभिन्न स्रोतहरुको वितरण र सहकर्मीसँग सम्पर्क गर्न सजिलो बनाउनको लागि एउटा समूहको सुरुवात गरेको छ। mhpss.net: http://mhpss.net/groups/current-mhpss-emergency-responses/nepal-2015-earthquake-response/

यिनीहरु हालै नेपालमा छैनन् तर प्रतिक्रिया दियिराखेका संस्थाहरुबाट जानकारी पाउन इच्छुक छन्। जानकारी हरु mhpss.net लगायत, समग्र मानवीय सहयोग समुदायसम्म पुग्ने गरि सामाजिक वेबसाइटहरुमा पनि बाँड्न सकिन्छ। तिनीहरुले नेपालको आवश्यकता र प्रतिक्रियामा आधारित छोटो लेख (Blog) हरु पनि प्रकाशित गर्नेछन् तपाईंले पनि लेखहरु प्रकाशित गर्न मन छ भने मर्चिओ गाग्लियातो (marchio@mhpss.net) लाइ सम्पर्क गर्नुहोला।

**प्लान इन्टरनेसनल (Plan International)**

*समग्र प्रतिक्रिया:*

बसोबास, नगद कार्यक्रम, पानी सरसफाई र साररिक हेरचाह (WASH), आपतकालीन शिक्षा, बाल सुरक्षा र लिङ्ग आधारित हिंशा (GBV), स्वास्थ्य र पोषण लगायतका खादद तथा अन्य सामाग्रीहरुको वितरण।

*लक्षित क्षेत्रहरुमा समग्र प्रतिक्रिया:*

दोलखा, काभ्रे र सिन्धुली मा प्राथमिकता। प्लानको दीर्घकालीन कार्यक्षेत्र मकवानपुरमा र काठमाडौँमा सीमित र लक्षित प्रतिक्रिया।

*मनोसामाजिक समर्थन:*
प्लान अहिले एक भारतीय परामर्शक संग काम गर्दैछ। नेपालमा यातना पीडितको लागि केन्द्र (CVICT) संग साझेदारी गर्दैछ।

- प्लान सुरक्षा क्लस्टरको मनोसामाजिक कार्यटोलीमा सहभागी छ।
- CVICT लगायतका स्थानीय गैर-सरकारी संस्थाहरुसंगको साझेदारीमा लक्षित जिल्लाहरुमा शिक्षक तथा समुदाय र जिल्लाका मुख्य सेवा प्रदायकहरुलाई मनोबैज्ञानिक प्राथमिक सेवा (PFA) को तालिम।
- अस्थायी सिक्षण स्थलको साथसाथै बाल मैत्री स्थलहरुको स्थापना (एकीकृत सिक्षा तथा बाल सुरक्षा कार्यक्रम)
- बाल मैत्री स्थल (CFS) हरुमा नियमित र संरचनात्मक रुपमा ६-१८ बर्षका बालबालिकालै मनोसामाजिक र जैविक सीप शिक्षा, लैंगिक हिंशा र महिलाहरुको सामुहिक गतिविधि, ३-५ बर्षका बालबालिकालाई प्रारम्भिक बाल्यकाल हेरविचार र विकासका सेवाहरु उपलब्ध हुनेछ।
- समुदायमा सेवा प्रदायक र अविभावकहरुलाई आफ्नै हेरविचारको बिषयमा  र मनोसामाजिक बिषयमा सभा।

समुदायमै आधारित सुरक्षा र समर्थन प्रणालीहरुलाइ बलियो बनाउने - समुदायका समन्वकर्ताहरुलाई तालिम दिने, पहिलैदेखि रहीआएका समुदायीक टोलीहरुलाई जोखिममा रहेका बालबालिकाहरुलाई र आधारभूत मनोसामाजिक सहायता दिनलाई समर्थन गर्ने। जिल्ला तहमा सरकार र क्लस्टरसंगको समन्वयमा बालबालिकाको सुरक्षा, लैंगिक हिंशा र MHPSS को लागि उल्लेख गर्ने प्रक्रियालाइ मजबुद बनाउने।

**सेभ द चिल्ड्रेन (Save the Children)**
सेभ द चिल्ड्रेनले आवश्यकताको अवलोकन गर्दैछ। यिनीहरुको काम बालबालिका र तिनीहरुको सुरक्षाको मनोबैज्ञानिक प्राथमिक सेवा (PFA) मा केन्द्रित रहने सम्भावना छ।

**युनिसेफ (UNICEF)**
युनिसेफले नेपालमा मनोसामाजिक कार्यटोलीको समन्वय गर्दैछ।

**डब्लु एच ओ (WHO)**
WHO ले मानसिक स्वास्थ्य उप-क्लस्टरको अद्धक्षको भूमिका निभाईरहेको छ (माथि उल्लेखित)। 'मानवीय बिपत्तिको बेलामा अस्पतालमा मानसिक, स्नायविक, र एडिक्सन लगायतका अवस्थाहरुको ब्यवस्थापन - mhGAP मानवीय हस्ताक्षेप गाईड (mhGAP-HIG)।' यहाँ पाइन्छ:
http://apps.who.int/iris/bitstream/10665/162960/1/9789241548922_eng.pdf?ua=1